परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १५ पृष्ठ ४ २०८२ कार्तिक २० गते, बिहिबार 6 November, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## मिथिलाञ्चलमा
# सामाचकेवा पर्व विधिपूर्वक सम्पन्न



● मिथलेश महतो। बर्दिवास

मिथिला क्षेत्रको प्रमुख सांस्कृतिक र सामाजिक पहिचानको रूपमा परिचित सामाचकेवा पर्व आज देश-विदेशका मिथिलवासी समुदायले उत्साह, उल्लास र धार्मिक आस्थाका साथ बिसर्जन गरी सम्पन्न गरेका छन् ।

यो पर्व मिथिला क्षेत्रमा परापूर्वकाल देखि निरन्तर मनाइँदै आएको परम्परागत सांस्कृतिक उत्सव हो, जसले दिदीबहिनी र दाजुभाइबीचको स्नेह, माया, विश्वास र आत्मीय सम्बन्धलाई सुदृढ बनाउँछ। सामाचकेवा पर्व विशेषगरी महिलाहरू र किशोरीहरूले हर्षोल्लासका साथ मनाउने गर्छन् ।

यस पर्वमा सतभैया, समा, चकेवा, माली, चुगला लगायतका रंगीचंगी माटोका मूर्तिहरू बनाइन्छन् । यी मूर्तिहरूलाई बाँसका डालामा राखी रंगीन कपडा, फूल, र माटोका कलात्मक वस्तुहरूले सजाइन्छ। प्रत्येक साँझ दिदीबहिनीहरू समूहगत रूपमा भेला भएर परम्परागत सामाचकेवा गीत गाउँछन् – जसमा भाई-बहिनीबीचको सम्बन्ध, सामाजिक सन्देश र नारी भावनाको सुन्दर चित्रण पाइन्छ।

पर्वको समापन दिन बिहान वा साँझ दिदीबहिनीहरूले आफ्ना दाजुभाइहरूको दीर्घायु, सुख-समृद्धि र सुस्वास्थ्यको कामना गर्दै सामाचकेवा मूर्तिहरूलाई हालोले खनिएको खेत,

बाकी पृष्ठ ३......

# मैथिली महिला सञ्जाल सप्तरीले खेले सामूहिक सामा चकेवा

● टक नेपाल

मैथिली महिला सञ्जाल सप्तरीका महिलाहरूले मङ्गलबार धुमधामले सामूहिक रूपमा सामा चकेवा खेलेका छन्। दाजुभाइको दीर्घायुको कामना गर्दै सुरुभएको सामा चकेवा स्थानीय शिव मन्दिरको प्राङ्गणमा धुमधामले खेलेको मैथिली अभियानी एवं शिक्षिका ललिता झाले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो,“छठपूजासँगै सप्तरीसहित तराई मधेशका दिदीबहिनीले माटोको सामा चकेवा लगायतका मानवरूपी पात्रहरू बनाएर सिँगारेर घरघरमा खेल्दै आए पनि अन्तिम दिन विभिन्न टोल समुदायका दिदीबहिनीहरू मिलेर समूह खेलेर रमाइलो गर्नुका साथै मधेशका रीतिरिवाज र संस्कृतिलाई निरन्तरताका लागि सबै उत्सुक भएर खेल्नुभयो।”

परापूर्व कालदेखि मधेसश र थारू समुदायले खेल्ने सामा चकेवा कात्तिक शुक्ल पञ्चमी तिथि छठपूजाको खरनाको दिन देखि शुरूभई कार्तिक पूर्णीमा तिथि अर्थात् आज बुधबार सामा चकेवालाई विसर्जन गने ' अर्का मैथिली अभियानी रश्मि झाले बताउनुभयो।

सामा चकेवाको विसर्जनपछि दिदी बहिनीले दही चिउरा मिठाई लगायत खानेकुरा प्रसादी बाँडेर समूहमा बसेर खाने चलन छ।

## धनुषामा बसले अटोरिक्सालाई
# ठक्कर दिंदा ४ जनाको मृत्यु



● टक नेपाल

प्रधानमन्त्री सुशीला कार्की र पूर्वराष्ट्रपति डा. रामवरण यादवबिच शिष्टाचार भेटवार्ता भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा आगामी निर्वाचनको तयारी र राजनीतिक वातावरणका विषयमा चर्चा भएको थियो। प्रधानमन्त्री कार्कीले आफू जेनजी आन्दोलनको भावनाअनुसार मुलुकमा सुशासन कायम गर्दै जननिर्वाचित सरकारलाई शक्ति हस्तान्तरण गर्न लागिपरेको बताउनुभयो।

पूर्वराष्ट्रपति यादवले सबै राजनीतिक दल चुनावमा जानैपर्ने र चुनावबाट कोही पनि भाग्न नहुने धारणा राख्नुभयो। उहाँले सरकारका तर्फबाट चुनावका लागि भइरहेको तयारी र विभिन्न पक्षसँग गरिएको संवादको सह्राहना गर्नुभयो।

उहाँले भन्नुभयो, 'राजनीतिक दलहरु चुनावमा जानैपर्छ। मुलुकलाई लोकतान्त्रिक प्रक्रियामा लैजान चुनाव नै सर्वोत्तम बाटो हो। तपाईंहरुले चुनावका लागि गर्नुभएको तयारी र सबै पक्षहरुसँग गर्नुभएको संवादले सकारात्मक वातावरण बनाएको छ। निर्वाचन आयोगलाई बजेट दिनुभएको छ। बन्दो बस्तीका सामग्रीको व्यवस्थापन भइरहेको छ। यो राम्रो कुरा हो। अब नागरिक समाजसँग पनि कुरा गर्नुहोस्। नागरिक समाजले पनि दलहरुलाई चुनावमा जान प्रेरित गर्नुपर्छ।'

उहाँले २०७० सालमा आफू राष्ट्रपति हुँदा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारका पालामा कसरी निर्वाचन सम्भव भएको थियो भन्ने विषयमा आफ्नो अनुभव पनि सुनाउनुभयो। त्यतिखेरको सुरक्षा अवस्था र भूराजनितिक परिवेशका सम्बन्धमा पनि उहाँले चर्चा गर्नुभयो।






टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सामाचकेवा : मिथिला संस्कृतिको नारी

मिथिला क्षेत्रको सामाजिक र सांस्कृतिक पहिचानको जरा नै सामाचकेवा पर्वमा देखिन्छ । यो पर्व केवल धार्मिक विधि होइन, नारी सृजनशीलता, पारिवारिक माया र सामाजिक एकताको जीवन्त प्रदर्शन हो। भगवान श्रीकृष्णकी छोरी सामाको न्याय र सम्मानका लागि शुरु भएको यो पर्वले आज हजारौँ वर्षपछि पनि मिथिलाको सांस्कृतिक आत्मालाई जीवित राखेको छ ।

सामा-चकेवा पर्व दिदीबहिनी र दाजुभाइबीचको स्नेह र विश्वासको उत्सव हो। महिलाहरूले माटोका मूर्तिहरू बनाएर गीत, नृत्य र प्रार्थनामार्फत जीवन, प्रेम र परिवारको अर्थलाई कलात्मक रूपमा व्यक्त गर्छन्। यो परम्परा मिथिला महिलाको कलात्मक क्षमता र सामूहिक चेतनाको सुन्दर उदाहरण हो ।

आजको पुस्ताले यस पर्वलाई केवल परम्परा होइन, पहिचान र एकताको प्रतीकका रूपमा ग्रहण गर्न जरुरी छ। आधुनिकताका बीच हराउँदै गएको मौलिक संस्कृतिलाई पुनर्जीवित गर्न सामाचकेवा जस्ता पर्वहरूलाई जगेर्ना गर्नु हाम्रो सामूहिक जिम्मेवारी हो । यही चेतनाबाट मिथिलाको संस्कृति जीवित रहन्छ र समृद्ध भविष्यको आधार बन्न सक्छ ।

# भाडाको खेतमा तरकारी फलाएर मासिक ७० हजार आम्दानी गर्दै महतो

• टक नेपाल



रौतहटका चन्द्रपुर नगरपालिका-५ थलाहीटोलका ५१ वर्षीय किसान राजेन्द्र महतोले बैमौसमि तरकारी खेतीबाट लोभलाग्दो कमाई गरिरहनुभएको छ।

अर्काको खेत भाडामा लिएर तरकारी खेतीबाट उहाँले मासिक रु ७० हजारको कमाई गर्दै आउनुभएको हो । उहाँले डेढ बिघा जग्गा भाडामा लिएर मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आउनु भएको छ भने कमाइसँगै परिवारको जीवनस्तरमा पनि सुधार आएको छ।

महतोले बताउनुभयो, “सर्लाहीमा २४ बिघा क्षेत्रफलमा लगाएको उखु मिलले समयमा नकिनेपछि ठूलो घाटा भयो। सबै सम्पत्ति बेचेर सात वर्षअघि रौतहटको चन्द्रनिगाहपुर आएँ र यहीँ खेत भाडामा लिएर तरकारी खेती सुरु गर्नुभयो।”

उहाँले सर्लाहीमा पनि अर्काको खेत भाडामा लिएर उखु खेती गर्नुभएको थियो। तर उखु खेतीमा घाटा भएपछि ऋणको बोझ बोक्दै रौतहट आउनु भएका महतो अहिले तरकारी खेतीबाट आत्मनिर्भर बन्नुभएको छ।

महतोका अनुसार बिहानको झिसमिसेदेखि साँझ अबेरसम्म उनी बारीमै व्यस्त रहनुहुन्छ। “सात वर्षको मेहनतमा अनुदानको नाममा मैले एक रुपैयाँ पनि पाएको छैन,” उहाँले भन्नुभयो, “तरकारी खेतीकै आम्दानीबाट एक छोरालाई कम्प्युटर इन्जिनियर बनाएँ, छोरीको बिहे गरेँ र अर्को छोरालाई काठमाडौँको निजी कलेजमा पढाइरहेको छु।”

व्यावसायिक रूपमा खेती गर्दै आउनु भएका महतोले चारदेखि पाँचजना कामदार राखेर खेती गर्ने गर्नुभएको छ। उहाँका अनुसार अहिले मासिक झण्डै ७० हजार रुपैयाँसम्म बचत गर्न सकिने भएको छ।

महतोले गुनासो गर्दै भन्नुभयो, “नगरपालिकाका कर्मचारीहरू आएर राम्रो गरेको रहेछौ भन्छन् तर कुनै सहयोग गर्दैनन् । अनुदानको कुरा त परै जावस्, उल्टो मेरो बारीको फोटो खिचेर झोले किसानहरूले अनुदान लिन्छन्।”

उहाँका अनुसार केही समयअघि नगरपालिकाको अनुदानमा टनेल बनाइदिन्छु भन्ने व्यक्तिले उल्टै ३० हजार रुपैयाँ मागेको थियो। “७० हजारमा बन्ने टनेलको लागि नगरपालिकाबाट २ लाख निकासा भएको सुनेको छु,” उहाँले बताउनुभयो । “सक्कली किसानभन्दा झोले किसानले सहुलियतको ऋण पाउँछन्।”

महतोले थप भन्नुभयो, “मेरै बारीको फोटो खिचेर नक्कली किसानहरूले सहुलियतको ऋण र अनुदान लिने गरेकाले अब म कसैलाई पनि बारीमा फोटो खिच्न दिन्न।”

उहाँले युवाहरूलाई पनि विदेशतिर मोह नगरी आफ्नै देशमा मेहनत गर्न सुझाव दिनुभयो। “देशमै खेतबारीमा पसिना बगाए राम्रो आम्दानी गर्न सकिन्छ,” उहाँको भनाइ छ।

# संरक्षण र विकासको पखाईमा मनमोहक कमलदह

• टक नेपाल



सिरहा जिल्लाको चुरे क्षेत्रमा रहेको मनोमोहक कमल दह संरक्षण र विकासको पखाईमा रहेको छ। मिर्चैया नगरपालिका-९ मा अवस्थित ‘कमलदह’ एक अद्वितीय प्राकृतिक तालको रुपमा रहेको छ। जहाँ वर्षभरि कमलका फुलहरू फुलिरहन्छन् र जलले भरिपूर्ण रहन्छ। करिब २ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो दह हरियालीले ढाकिएको डाँडापाखाहरूको बीचमा अवस्थित एक सुन्दर र आकर्षक पर्यटकीय गन्तव्यको रुपमा रहेको छ।

पौराणिक, ऐतिहासिक, धार्मिक तथा पर्यटन दृष्टिकोणले महत्वपूर्ण मानिएको कमलदहले समृद्ध प्राकृतिक सम्पदाको पहिचान बोकेको छ। प्रत्येक नयाँ वर्ष, चाडपर्व तथा बिदाका समयमा यहाँ घुमफिर र पिकनिक मनाउन आउनेहरुको भीड लाग्ने गर्दछ। विशेषगरी, प्रत्येक वर्ष हरिबोधिनी एकादशीको अवसरमा कमल दहमा विशेष रुपमा मेला लाग्दै आएको छ। जसलाई ‘ठुठिया मेला’ को नाउँले यस क्षेत्रमा चर्चा रहेको छ।

श्रद्धालु भक्तजनहरू एकादशीका दिन यस दहमा स्नान गर्छन् । एकादशीमा कमल दहमा नुहाएपछि सबै पाप नष्ट हुने धार्मिक विश्वास रहँदै आएको छ । कमलदह मेलालाई कुस्ती (पहलवानी) को लागि पनि प्रसिद्ध स्थलका रूपमा चिनिन्छ । कमलदह परिसरमा हनुमान मन्दिर, शिव मन्दिर तथा अन्य देवी-देवताका थानहरू अवस्थित छ। जसले यसको धार्मिक महत्वलाई अझ प्रगाढ बनाएको छ।

यो ऐतिहासिक स्थल सिरहा जिल्लामा संरक्षणको पखाईमा रहेको छ। स्थानीय सरकारदेखि प्रदेश सरकार र संघीय सरकारले पनि कमल दहको विकासको निम्ति खासै चासो र रुचि व्यक्त गरेका छैनन्। जसले गर्दा स्थानीयावसीले पटकपटक आवाज उठाएपनि कुनैपनि तहको सरकारले कमल दहको वृहत विकासको निम्ति गुरुयोजना अघि नबढाउँदा तालक्षेत्र जोखिममा रहेको स्थानीयवासीको भनाई रहेको छ। कमल दहको संरक्षण गरी आन्तरीक र बाह्य पर्यटकको स्थलको रुपमा विकास गर्न सकिने स्थानीयहरुले बताएका छन्। चुरेको फेदमै रहेको कमल दह मनामोहक स्थलको रुपमा रहेको छ। कमल दहलाई लिएर लोकदेवता सलहेशसँग जोडिएको छ।

यता ठुठिया मेला लाग्ने गरेकोले मेलाको आकर्षणको निम्ति कुस्ति लगायतको खेलकुद आयोजना गर्दै आएको छ। कुस्तीमा नेपाल र भारतका विभिन्न देशका खेलाडीहरुवीच प्रतिस्पर्धा हुने गर्छ । सिरहा जिल्लामा कमलदहमा लाग्ने मेला हेर्न र कुस्ती देख्न विभिन्न स्थानबाट हजारौं दर्शनार्थीहरु पुग्ने गर्छन्।






# जेनजीका मुद्दा र आकांक्षा सम्बोधन गर्ने 'नेपाली कम्युनिस्ट पार्टी'को प्रतिबद्धता

टक नेपाल



जेनजी आन्दोलनसँगै पार्टी पुनर्गठन र रुपान्तरणको लहर चलेका बेला पुराना १० वटा कम्युनिस्ट पार्टी/घटकहरु एकीकृत हुँदै 'नेपाली कम्युनिस्ट पार्टी'को घोषणा गरेका छन्।

बुधबार नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, जनता समाजवादी पार्टी, नेकपा समाजवादी, नेकपाको चिरन पुन समूह, नेकपा (समाजवादी माओवादी), नेकपा साम्यवादी, देशभक्त मोर्चा लगायत राजनीतिक पार्टी र समूह एकीकृत हुँदै 'नेपाली कम्युनिस्ट पार्टी'का रुपमा रुपान्तरण भएका हुन्।

एकीकृत पार्टीका संयोजक पूर्व माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक पूर्व एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल तोकिएका छन्।

एकीकृत पार्टीको एकता सभालाई नै राष्ट्रिय सम्मेलनका रुपमा घोषणा गरिएको कार्यक्रममा नवगठित पार्टीको घाषणापत्र र विधान समेत सार्वजनिक गरिएको छ।

सम्मेलनमा सम्बोधन गर्दै नेपाली कम्युनिस्ट पार्टीका नेताहरुले नेपालको कम्युनिस्ट आन्दोलन, पार्टीहरुको अवस्था, जेनजी आन्दोलन, नेपाली जनताको आकांक्षालाई सम्बोधन गर्न नयाँ पार्टीले महत्वपूर्ण भूमिका खेल्ने दाबी गरे। साथै, उनीहरुले नयाँ पार्टीलाई क्रान्तिकारी पार्टीका रुपमा विकास गर्दै मुलुकमा समाजवाद हुँदै साम्यवादको दिशातर्फ लैजाने दाबी समेत गरे। पार्टी एकता घोषणा कार्यक्रममा पार्टीका तर्फबाट २३ बुँदे प्रतिवद्धता व्यक्त गरिएको छ। जसमा जेनजी आन्दोलनका माग र आकांक्षा पूरा गर्न पार्टीले प्रतिवद्धता जनाएको छ।

'जेनजी पुस्ताका मुद्दा र आकांक्षाको सम्बोधन गर्न प्रतिबद्ध रहने', २३ बुँदे प्रतिवद्धतामा भनिएको छ, 'नेपालको राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता, स्वाभिमान र स्वतन्त्रता अक्षुण्ण राख्न दृढतापूर्वक लागिरहने।'

राष्ट्र र जनताप्रति इमानदार, निष्ठावान् र समर्पित भई काम गर्ने प्रतिवद्धता जनाएको उक्त पार्टीले मार्क्सवाद-लेनिनवादका सार्वभौम सच्चाइहरुप्रति दृढ रहँदै तिनलाई नेपालको विशिष्ट परिस्थिति अनुरूप सिर्जनात्मक ढङ्गले लागु गर्ने जनाएको छ।

'समाजवादी क्रान्ति र कार्यक्रमप्रति प्रतिबद्ध रही नेकपाले आफ्नो स्थापनाकालदेखि राख्दै आएको वैज्ञानिक समाजवाद स्थापनाको महान् लक्ष्य प्राप्त गर्ने दिशामा दृढतापूर्वक अघि बढ्ने', नेपाली कम्युनिस्ट पार्टीले भनेको छ, 'लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध रहने र जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा गर्दै गणतन्त्रको सुदृढीकरण र राज्यका सबै अङ्गमा आवश्यक सुधार एवम् पुनर्संरचना गर्न अग्रसर हुने।'त्यस्तै, नेपालको वर्तमान संविधानको रक्षा गर्दै शासकीय स्वरूप र निर्वाचन प्रणाली, सङ्घीयताको सबलीकरण तथा स्थानीय तह र जप्रतिनिधिको सङ्ख्या घटाउनेलगायत विषयमा अग्रगामी परिमार्जन गर्न तत्पर रही पहल गर्ने उक्त पार्टीले प्रतिवद्धता जनाएको छ।

नवगठित पार्टीले भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीको अन्त्य गर्न तथा सुशासन, पारदर्शिता, सामाजिक न्याय र मुलुकको समृद्धिका लागि निरन्तर पहल गर्ने जनाउँदै उच्चस्तरीय अधिकारसम्पन्न सम्पत्ति जाँचबुझ आयोग गठन गरेर हालसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिहरूको सम्पत्ति छानबिन गरी भ्रष्टाचारीहरूलाई कडा कारवाही गराउन प्रभावकारी पहल गर्ने जनाएको छ।

'राज्यको सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त दुरुस्त बनाउन र शिक्षा, स्वास्थ्यलगायत आधारभूत सेवा प्रवाहमा आम जनताको पहुँच स्थापित गर्न विशेष पहल गर्ने', सार्वजनिक प्रतिवद्धतामा भनिएको छ, 'वर्तमान नेपाली समाजमा रहेका सबैखाले शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार, विभेद, असमानता र विकृति विसंगतिको अन्त्य गर्न सङ्घर्षरत् रहने।'

स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न, रोजगारी सिर्जना गर्न र गरिबीको अन्त्य गर्न विशेष पहल गर्ने जनाएको उक्त पार्टीले वर्तमान नेपाली समाजको आर्थिक-सामाजिक र सांस्कृतिक रूपान्तरण गर्न कृषि, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग, पर्यटन र जलविद्युतको विकासलाई प्राथमिकतामा राखेर विशेष योजनाका साथ देशको विकास गर्न अग्रसर हुने जनाएको छ।

विगतका कामको समग्र समीक्षा गरेर भएका कमी कमजोरीहरू सच्याउँदै कार्यशैलीमा व्यापक सुधार, पुनर्गठन र रुपान्तरण गर्दै अघि बढ्न तत्पर रहने उक्त पार्टीको प्रतिवद्धतामा उल्लेख छ।

'पार्टीमा आन्तरिक लोकतन्त्रको सुदृढीकरण गर्न र नेतृत्व विकास एवम् हस्तान्तरणको वैज्ञानिक विधि निर्माण गरी लागु गर्न तत्पर रहने, पार्टीका सबै नेता तथा कार्यकर्ताहरु उत्पादन र श्रम कार्यमा संलग्न हुने' जनाएको उक्त पार्टीले कम्युनिस्ट आचरण, अनुशासन र नैतिकताको कडाइका साथ पालना गने दाबी गरेको छ। यो पार्टीका नेता कार्यकर्ताहरुले सादा एवम् सरल जीवनशैली र पारदर्शी कार्यशैली अवलम्बन गने दाबी गरिएको छ।

मुलुकमा पुराने नेता र पुरानै पार्टीले जनताको आकांक्षा पूरा गर्न नसक्ने आवाज चर्को बन्दै गएका बेला पुराना राजनीतिक दलहरु नयाँ नाम र नयाँ कार्यशैली, आचरणसहित जनतामा जान लागेका हुन्।

कार्यक्रममा संयोजक प्रचण्डले एकीकृत पार्टी एक ढिक्का भएर देशका समस्या समाधान गर्न सक्नौँ भन्ने आत्मविश्वास बढेको बताए। 'अब नयाँ शक्ति निर्माण भयो', उनले भने, 'आजको दिन नेपाली कम्युनिस्ट इतिहासमा अविस्मरणीय दिन बनेको छ। एक दुई घटकबिच एकता भएको थियो, तर १० वटा घटकबिच एकता भएको थिएन।'

प्रचण्डले यो एकताका लागि मात्र होइन, देशका सङ्कट समाधानका लागि बनेको एकता भएको दाबी समेत गरे। 'यो इतिहास अब कसैले मेटाएर मेटिँदैन', उनले दाबी गरे।

सहसंयोजक माधवकुमार नेपालले पार्टीहरुको अग्निपरीक्षा सुरु भएको भन्दै अहिलेको एकतामा छुटेका वामपन्थी घटकलाई सँगसँगै लैजान प्रयास कायमै राख्ने बताए।

लामो गृहकार्य र समाजवादी मोर्चा हुदै पार्टी एकतासम्म आइपुग्न सफल भएको बताएका नेपालले नेपाली कम्युनिस्ट पार्टी पुराने पार्टीको नयाँ रूप नभएको दाबी समेत गरे।

'नेकपाकालका ९ शीर्ष नेताहरूमध्ये ५ जना यहीं छौँ। त्यसैले मूल पार्टी यहीं भएको छ', नेता नेपालले भने, 'हामीले विगतको अनुभवलाई पनि समीक्षा गर्नुपर्छ। प्रत्येक घटकका साथीहरूलाई अपमान नहोस् भनेर हामी उदार भएर अघि बढ्छौँ।'जेनजीहरुले उठाएका सुशासन, भ्रष्टाचारको विरुद्ध र जनताको जीवनमा रूपान्तरणको कुरामा हातेमालो गर्न तयार रहेको भन्दै उनले रुपान्तरित पार्टीका नेता कार्यकर्ताहरुले आफ्नो जीवनशैली, कार्यशैली, आचरण र व्यवहारमा परिवर्तन आउने समेत बताए। कार्यक्रममा नेताहरु झलनाथ खनाल, देव गुरुङ, वामदेव गौतम, बेदुराम भुसाल, पम्फा भुसाल, महेन्द्र राय यादव, सुवासराज काफ्ले, राजु कार्की, चिरन पुन, कर्णजीत बुढाथोकी, प्रेमबहादुर सिंहलगायतले पार्टी एकता र औचित्यबारे धारणा राखेका थिए।

# कमला नदीमा भूत मेला



टक नेपाल

कार्तिक पूर्णिमाको अवसरमा सिरहा र धनुषा जिल्ला छुट्याउने कमला नदीमा अनौठो भूत मेला आयोजना भएको छ। शुक्ल पूर्णिमाका दिन कमला नदीमा स्नान गरेपछि तान्त्रिक विद्या सिद्ध हुने जनविश्वासका आधार प्रत्येक वर्ष भूत मेला लाग्ने गरेको छ।

पछिल्लो समय यो परम्परालाई कतिपयले अन्धविश्वासको रूपमा समेत परिभाषित गर्दै आइरहेका छन्। मेलाको अवसरमा सिरहा, धनुषा, महोत्तरी, सप्तरी, उदयपुर र सीमावर्ती भारतको मधुवनी, दरभंगा, समस्तीपुर लगायत जिल्लाका लाखौँ मानिस कमला नदीमा स्नान गर्न आउने गरेका छन्।

धामी झाँक्री बन्ने विश्वासका साथ उनीहरू देवता खेल्दै कमला नदीमा स्नान गरेपछि कमलेस्वरी देवीले तान्त्रिक विद्याको वर दिने तथा योग पाको हुने जनविश्वास रहेको श्रद्धालुहरूले बताएका छन्।

भूत मेलामा स्नान गरेपछि घर आउने बेलामा भक्तजनहरूले कमला नदी र गंगासागरको शुद्ध पानी आ-आफ्नो घर लैजाने गर्छन्। मूल धामीले मन्त्र सिद्धि गरिदिएपछि धामी बन्ने प्रक्रिया पूरा हुने जनविश्वास रहेको छ।

तन्त्र सिद्धिको लागि यस दिन पूर्णाहुति दिने चलन रहँदै आएको छ। स्नानको समयमा मूल धामीहरूले लोक भाकामा गीत समेत गाउने गर्दछन्।

## मिथिलाञ्चलमा सामा.........

चौर वा नदी किनारमा बिसर्जन गर्छन्। यस अवसरमा महिलाहरूले आपसी मिष्ठान्न आदानप्रदान गर्दै पर्वको शुभकामना साटासाट गर्छन्। धार्मिक परम्परा अनुसार, भगवान श्रीकृष्णकी छोरी सामा माथि अन्याय भएको कथा यस पर्वको मूल प्रेरणा हो। कथाअनुसार, चुगलखोरीका कारण सामालाई गलत आरोपमा सजाय दिइएपछि उनका दाजु श्रीकृष्णले सत्य उजागर गरी न्याय दिलाएका थिए। त्यस घटनाको स्मरणमा नै यो पर्व मनाउने चलन शुरु भएको हो।

सदियौँदेखि चल्दै आएको सामाचकेवा पर्वले मिथिला क्षेत्रको नारी सृजनशीलता, सामाजिक एकता, पारिवारिक प्रेम र सांस्कृतिक गौरव झल्काउँछ। पर्वले दाजुभाइ र दिदीबहिनीबीचको सम्बन्धलाई मात्र होइन, सम्पूर्ण समाजमा सह-अस्तित्व, विश्वास र समरसताको सन्देश फैलाउने कार्य पनि गर्दछ।

महोत्तरी, धनुषा, सिरहा, सर्लाही, र सुपौल, मधुबनीलगायत भारत-नेपालको सीमावर्ती मिथिला क्षेत्रमा आज सामूहिक रूपमा सामाचकेवा बिसर्जन गरिएको छ। स्थानीय समाजसेवी, महिला समूह र सांस्कृतिक सङ्घ-संस्थाहरूले यस पर्वलाई नयाँ पुस्तामा परिचित गराउने उद्देश्यले विभिन्न कार्यक्रमसमेत आयोजना गरेका छन्।



# प्रधानमन्त्री कार्की र पूर्वराष्ट्रपति डा. यादवको शिष्टाचार भेट



● टक नेपाल

प्रधानमन्त्री सुशीला कार्की र पूर्वराष्ट्रपति डा. रामवरण यादवबिच शिष्टाचार भेटवार्ता भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा आगामी निर्वाचनको तयारी र राजनीतिक वातावरणका विषयमा चर्चा भएको थियो। प्रधानमन्त्री कार्कीले आफू जेनजी आन्दोलनको भावनाअनुसार मुलुकमा सुशासन कायम गर्दै जननिर्वाचित सरकारलाई शक्ति हस्तान्तरण गर्न लागिपरेको बताउनुभयो।

पूर्वराष्ट्रपति यादवले सबै राजनीतिक दल चुनावमा जानैपर्ने र चुनावबाट कोही पनि भाग्न नहुने धारणा राख्नुभयो। उहाँले सरकारका तर्फबाट चुनावका लागि भइरहेको तयारी र विभिन्न पक्षसँग गरिएको संवादको सह्राहना गर्नुभयो।

उहाँले भन्नुभयो, 'राजनीतिक दलहरु चुनावमा जानैपर्छ। मुलुकलाई लोकतान्त्रिक प्रक्रियामा लैजान चुनाव नै सर्वोत्तम बाटो हो। तपाईंहरुले चुनावका लागि गर्नुभएको तयारी र सबै पक्षहरुसँग गर्नुभएको संवादले सकारात्मक वातावरण बनाएको छ। निर्वाचन आयोगलाई बजेट दिनुभएको छ। बन्दोबस्तीका सामग्रीको व्यवस्थापन भइरहेको छ। यो राम्रो कुरा हो। अब नागरिक समाजसँग पनि कुरा गर्नुहोस्। नागरिक समाजले पनि दलहरुलाई चुनावमा जान प्रेरित गर्नुपर्छ।'

उहाँले २०७० सालमा आफू राष्ट्रपति हुँदा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारका पालामा कसरी निर्वाचन सम्भव भएको थियो भन्ने विषयमा आफ्नो अनुभव पनि सुनाउनुभयो। त्यतिखेरको सुरक्षा अवस्था र भूराजनितिक परिवेशका सम्बन्धमा पनि उहाँले चर्चा गर्नुभयो।

सुरक्षा व्यवस्था सुदृढ गराउन सबै सुरक्षा निकायहरुबीचको समन्वयमा जोड दिनुभयो। दलले पनि चुनावको अपरिहार्यता बुझ्केको कारण आउँदो फागुन २१ मा हुने चुनावमा सबैले भाग लिने कुरामा आफू विश्वस्त रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, 'दलहरुलाई म पनि भनिरहेको छु चुनावको विकल्प छैन। चुनाव नगरी हुँदैन। अहिले यो प्रक्रियालाई कुनै पनि बहानामा अल्झाउनुहुँदैन।'

भेटमा अर्थमन्त्री रामेश्वर खनाल सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेललगायतको उपस्थिति थियो। हिजो मात्रै गृहमन्त्री ओमप्रकाश अर्यालले पूर्वराष्ट्रपति यादवको ललितपुरस्थित निवासमै पुगेर भेटवार्ता गर्नुभएको थियो।

सरकारले आगामी फागुन २१ को निर्वाचनको वातावरण बनाउन विभिन्न पक्षहरुसँग संवाद तीव्र रुपमा अघि बढाएको छ।

## एकसाथ ५ रेल्वे र्‍याक

# युरिया मल वीरगन्जमा, भण्डारणमा समस्या

● टक नेपाल



गहुँ सँगै अन्य हिउँदे बालीका लागी वीरगन्ज भन्सारनाका हुँदै एकसाथ ५ रेल्वे र्‍याक युरिया मल नेपाल भित्रिएपछि अहिले भण्डारणमा समस्या भएको छ।

हाल पाँचवटा र्‍याकमा आइपुगेको मल आदित्य बिरला र आइपिएल कम्पनीले ल्याएका हुन् । आइपिएल र आदित्य बिरला कम्पनीले कृषि सामग्री कम्पनी र नेसनल टेड्रिङको समेत गरी ५५ हजार टन युरिया मल एकसाथ नेपाल ल्याएका हुन् ।

हाल मलको माग नरहेको भएपनि आगामी हिउँदमा गहुँ सँगै अन्य हिउँदे बालीका लागी युरिया मल उपयोगी हुने बताइएको छ ।

कृषि सामग्री कम्पनीले ग्लोबल टेन्डरमार्फत भित्र्याइरहेको युरिया मल नियमित रूपमा आउन थालेपछि वीरगन्ज स्थित सिर्सिया सुक्खा बन्दरगाहमा मल बोकेको रेल्वे र्‍याकको चाङ लागेको छ ।कृषि सामग्री कम्पनी वीरगन्ज प्रादेशिक कार्यालयका प्रमुख दुर्गाप्रसाद पाण्डेले ५ र्‍याकमा गरी १२ हजार ५ सय टन मल रहेको र उक्त मल कम्पनीको गोदाममा व्यवस्थापन गर्न कठिनाइ भएको बताउनुभयो ।

कम्पनीको वीरगन्जस्थित आफ्नै परिसर, भुटनदेवी र नेसनल ट्रेडिङको गोदाम समेत गरी सबै गोदाम मलले भरिएकाले नयाँ आएको मलको व्यवस्थापनमा समस्या भएको उहाँले जानकारी दिनुभयो ।

हाल तीनवटै गोदाममा गरी २३ हजार ५ सय टन मल वीरगन्जमै मौज्दात रहेकाले व्यवस्थापनमा समस्या भएको पाण्डेले बताउनुभयो । हाल आइसकेको मललाई गोदाममा व्यवस्थापन नगरिए निरन्तर थपिँदै जाने र मलको व्यवस्थापनमा झनै समस्या आउने देखिएको छ ।


१ महिना FREE
मात्र वार्षिक रु.८५०० बाट सुरु
कर सहित
Dual Band राउटर सहित
Mash को साथ घर भरि WIFI
viaTV १०० च्यानलको मनोरंजन
बर्दिबास शाखाको लागि ९८०११३१४३३ - आजै मौकाको फाईदा लिनुहोस्

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

औरही नगरपालिका
महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागको विशेषज्ञ डाक्टरहरुद्धा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014